प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

सुर्खेत, नेपाल

पत्र संख्या :-

चलानी नम्बर :- ३५१

मिति : २०७६/०६/१३

श्री कार्यालय प्रमुख ज्यूहरु

कृषि बिकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालय

(हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, रुकुम पश्चिम र सल्यान)

बिषयः संशोधित कार्यबिधि सम्बन्धमा ।

उपरोक्त बिषयमा यस मन्त्रालय अन्तरगतका कृषि बिकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालयहरुबाट आ.ब. २०७६/७७ को स्विकृत बार्षिक कृषि बिकास कार्यक्रमहरु संचालनका लागि आ.ब. २०७५/७६ मा स्विकृत तपशिलका कार्यबिधिहरुको केहि परिच्छेद, दफा र उप दफामा संशोधन गर्नको लागि मिति २०७६/०५/१० मा गठित कार्यबिधि मस्यौदा समितिले संशोधन मस्यौदा तयार गरी मिति २०७६/०६/१२ गतेका दिन मन्त्रीस्तर निर्णयबाट सदर भएको हुदाँ उक्त संशोधित बुदाँहरु कार्यान्वयनको लागि कार्य गर्न गराउन हुन निर्देशनानुसार अनुरोध छ ।

उपसचिव

तपशिलः

संशोधित कार्यबिधिहरुः

१. ग्रामीण कृषि सडक निर्माण तथा मर्मत सम्भार कार्यबिधि २०७५

२. कृषि सिचाइ कार्यबिधि २०७५

३। अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७५

४. किसान सरकार हातेमालो कार्यक्रम संचालन कार्यबिधि २०७५

फोन नं. ०८३–५२२५९५ / ५२००८२, फ्याक्स नं. ०८३–५२०२७३, ईमेलः molmacp6@gmail.com

**मिति २०७६/०६/१० मा गठित कार्यबिधि मस्यौदा समितिबाट आ.ब.२०७५/७६ मा स्वीकृत कार्यबिधिहरुको परिष्छेद, दफा, र उप दफामा गरिएको संशोधन बिबरणः**

| सि.न | कार्यबिधि | साबिकको बुदा नम्बर | नयाँ संशोधित बुदा र व्यहोरा | कैफियत/कारण |
|---|---|---|---|---|
| १ | ग्रामीण कृषि सडक निर्माण तथा मर्मत सम्भार कार्यबिधि २०७५ | परिच्क्षेद १ को दफा २(घ) | उपभोक्ता समिति भन्नाले आयोजना सचालन हुने क्षेत्रमा आयोजनाबाट लाभान्वित हुने सहकारी/समुह/समुदाय बाट आयोजना निर्माणको लागि गठित समिति लाई जनाउनेछ । | परिच्क्षेद १ को दफा २(घ) को संशोधन |
| | | परिच्क्षेद २ को दफा ७ | ग्रामीण कृषि सडक योजनाको कुल लागतको १० प्रतिशत रकम सोही योजनाका लाभान्वित कृषक/समुह उपभोक्ताहरुको जिबनस्तर सुधारको लागि आय आर्जन लगायत बाली सघनता बृद्धिको लागि कृषि क्रियाकलापहरु संचालन तथा प्रबर्दनमा प्रयोग गरिनुपर्नेछ । | परिच्क्षेद २ को दफा ७ मा नयाँ बुदा थप |
| | | | ग्रामीण कृषि सडक योजनाको निर्माण तथा मर्मत कार्य संचालन सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रक्रिया अपनाई योजना निर्माणको कार्य सम्पन्न गरिनुपर्नेछ । | |
| | | | ग्रामीण कृषि सडक योजनाको निर्माण तथा मर्मत संभार कार्य सम्बन्धित योजनाका लाभान्वित समुदायबाट नै उपभोक्ता/ निर्माण समिति बनाई योजनाको निर्माण/मर्मत कार्य पुरा गर्नुपर्नेछ । | |
| | | | ग्रामीण कृषि सडक योजना निर्माण/मर्मत संभार कार्य संचालन गरिने स्थानमा सहकारी वा समुह भएमा सोही सहकारी/समुहले योजनाबाट लाभान्वित हुने समुदायहरु बाट नै उपभोक्ता/ निर्माण समिति गठन गरि योजनाको सम्झौता कार्य गर्नुपर्नेछ । | |
| | | | ग्रामीण कृषि सडक निर्माण तथा मर्मत योजनाको कार्य शुरुवात गर्नको | परिच्क्षेद २ को दफा ७ |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भट्टराई
सहसचिव

| सि.न | कार्यबिधि | साबिकको बुदा नम्बर | नयाँ संशोधित बुदा र व्यहोरा | कैफियत/कारण |
|---|---|---|---|---|
| २ | **कृषि सिचाइ कार्यबिधि २०७५** | परिच्छेद २ को दफा ७ | सिचाई योजनाको कुल लागतको १० प्रतिशत रकम सम्बन्धित योजनाका कृषक/उपभोक्ता/ समुदायहरुको जिबनस्तर सुधारको लागि आय आर्जन लगायतका कृषि क्रियाकलापहरु संचालन तथा प्रबर्द्धनमा प्रयोग गरिनुपर्नेछ । | परिच्छेद २ को दफा ७ मा नयाँ बुदा थप गरिएको । |
| | | | सिंचाई योजनाको निर्माण तथा मर्मत कार्य संचालन सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रक्रिया अपनाई योजना निर्माणको कार्य सम्पन्न गरिनुपर्नेछ । | परिच्छेद २ को दफा ७ मा नयाँ बुदा थप गरिएको । |
| | | | सिंचाई योजनाको निर्माण तथा मर्मत संभार कार्य सम्बन्धित योजनाका लाभान्वित समुदायबाट नै उपभोक्ता/ निर्माण समिति बनाई योजनाको निर्माण/मर्मत कार्य पुरा गर्नुपर्नेछ । | परिच्छेद २ को दफा ७ मा नयाँ बुदा थप गरिएको । |
| | | | सिंचाई योजना निर्माण/मर्मत संभार कार्य संचालन गरिने स्थानमा सहकारी वा समुह भएमा सोही सहकारी/समुहले योजनाबाट लाभान्वित हुने समुदायहरुबाट नै उपभोक्ता/ निर्माण समिति गठन गरि योजनाको सम्झौता कार्य गर्नुपर्नेछ । | |
| | | | सिचाई निर्माण तथा मर्मत योजनाको कार्य शुरुवात गर्नको लागि सम्बन्धित निर्माण/ उपभोक्ता समितिबाट कार्य थालनी गर्नु पूर्ब सम्बन्धित जिल्ला स्थित कृषि बिकास कार्यालयका प्रमुखले प्राबिधिक (ईन्जिनियर/सब ईन्जिनियर) को सहयोगमा फिल्ड भेरीफिकेसन गरि अनुसुची ५ को फिल्ड भेरीफिकेसन फाराम अनिवार्य रुपमा भरी योजना सम्झौताको प्रक्रिया थालनी गर्नुपर्नेछ । | |
| | | | फिल्ड भेरीफिकेसन गर्ने सिलसिलमा सम्बन्धित गाउपालिका/ नगरपालिका अन्तर्गतका कृषि शाखा प्रमुख र स्थानिय जनप्रतिनिधिहरु ( पालिका अध्यक्ष/उपाध्यक्ष/वडा अध्यक्ष/सदस्य ) को उपस्थितिमा फिल्ड भेरीफिकेसन फाराम भर्नुपर्नेछ । | परिच्छेद ३ को दफा ८ मा नयाँ बुदा थप गरिएको । |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | सिंचाइ निर्माण तथा मर्मत संभार कार्य संचालन गर्दा स्वीकृत लागत अनुमान बमोजिम स्थानीय श्रमिक, श्रोत र साधन अनिवार्य प्रयोग गर्नुपर्नेछ । कार्य संचालनको क्रममा कडा चट्टान कटान गर्नुपर्ने अवस्थामा सार्बजनिक खरिद नियमावली २०६४ का नियम ९७ को उपनियम (९) र (९क) बमोजिम प्राबिधिकबाट लागत अनुमान तयार गर्दा बखत हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल कार्य भनिएमा मात्र मेशिनरी औजार (डोजर, इस्काभेटर आदि) कृषि बिकास कार्यालयको प्रमुखबाट स्वीकृति लिई प्रयोग गर्न सकिनेछ । | परिच्छेद ३ को दफा ८ मा नयाँ बुदा थप गरिएको । |
| | | परिच्छेद ३ को दफा ८ | सिचाई योजनाको निर्माण तथा अनुगमन कार्यको लागि सम्बन्धित जिल्लाको जिल्ला सम्न्वय समिति, जिल्ला प्रशासन कार्यालय, सम्बन्धित गाउपालिका / नगरपालिकाका जनप्रतिनिधीहरु र सिंचाइ, खानेपानी तथा उर्जा कार्यालयका प्रमुख/प्रतिनिधीहरु सम्मेलित अनुगमन तथा मूल्याङकन समिति गठन गरि योजनाको निर्माण/मर्मत कार्यको आवश्यकता अनुसार अनुगमन गरेर मात्र कार्य सम्पन्न गर्नुपर्नेछ। | परिच्छेद ३ को दफा ८ मा थप बुदा |
| | | परिच्छेद २ को दफा ६ को उप दफा १ | सम्झौताः अनुदान प्रवाह गर्ने निकायले छनौट भएको उपभोक्ता/निर्माण समिति सगँ भुक्तानी प्रकृया तथा उपभोक्ताको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनूसुची ४ अनुसार गर्नुपर्नेछ । | परिच्छेद २ को दफा ६ को उप दफा १ संशोधन गरिएको । |
| | | परिच्छेद २ को दफा ६ को उप दफा २ | भुक्तानी बिधिः अनुदान रकमको भुक्तानी उपभोक्ता/निर्माण समितिको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ । | परिच्छेद २ को दफा ६ को उप दफा २ संशोधन गरिएको । |
| | | परिच्छेद २ को दफा ६ को उप दफा २ (घ) | भुक्तानी हुदाँका बखत उपभोक्ता/निर्माण समितिले लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनुपर्ने तथा सो कुरा बिलहरुमा स्पष्ट देखिएको हुनुपर्नेछ । | परिच्छेद २ को दफा ६ को उप दफा २ (घ) संशोधन गरिएको । |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

| सि.न | कार्यबिधि | साबिकको बुदा नम्बर | नयाँ संशोधित बुदा र व्यहोरा | कैफियत/कारण |
|---|---|---|---|---|
| ३ | अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७५ | परिच्छेद २ दफा ४ को उप दफा ४.२ | प्रांगारिक कृषि नमुना फार्म स्थापनाको लागि देहाय बमोजिमका नमुना प्रर्दशन क्रियाकलापहरु संचालनको लागि ७० प्रतिशत अनुदान प्रदान गर्न सकिने छ ।<br>• प्रांगारिक कृषि नमुना गाउँमा एउटै डिजाइनका भकारो सुधारको लागि आवश्यक पर्ने सामाग्रीहरु<br>• प्रति जिल्ला वा प्रागारिक नमुना वडामा कम्तिमा एउटा जैबिक/बानस्पतिक/ बिषादी र सुक्ष्म जैबिक मल, प्रांगारिक मल ( कम्पोष्ट, भर्मीकम्पोष्ट, चियामल, झोलमल, हरियो मल), आ.ई.पी.एम संचालन आदि स्थापनाका लागि आवश्यक पर्ने सामाग्रीहरु ।<br>• जैविक विषादी तथा जैविक मल उत्पादन गर्ने उद्योग हरु संचालनका लागि पूर्वाधार र मेशिनहरु खरिद गरिएका जिल्लाहरुमा सोही कार्यक्रमलाई निरन्तरता दिनु पर्ने ।<br>• प्रागारिक कृषि तथा पशुपन्छी जन्य बस्तुहरुको लेबलीङ, प्याकेजीङ तथा प्रशोधन गर्न आवश्यक पर्ने सामाग्रीहरु ।<br><br>प्रागारिक कृषि नमुना फाराम स्थापनाको लागी आवश्यक देहाय बमोजिमका प्रबिधि तालिमहरु संचालन गर्न सकिने छ ।<br>भकारो सुधार, भर्मीकम्पोष्ट, हरियो मल, जैबिक तथा बानस्पतिक बिषादी, झोलमल, गोठमल तथा कम्पोष्ट मल, भिरालो जग्गामा खेति प्रबिधि, आ.ई.पी.एम संचालन लगायत अन्य तालिमहरु । | परिच्छेद २ दफा ४ को उप दफा ४.२ को बुदा हटाई उक्त बुदाँको ठाउमा थपेको । |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | लागि सम्बन्धित निर्माण/ उपभोक्ता समिति बाट कार्य थालनी गर्न पूर्ब सम्बन्धित जिल्ला स्थित कृषि बिकास कार्यलयका प्रमुखले प्राबिधिक (ईन्जिनियर/सब ईन्जिनियर) को सहयोगमा फिल्ड भेरीफिकेसन गरि अनुसुची ५ को फिल्ड भेरीफिकेसन फाराम अनिवार्य रुपमा भरी योजना सम्झौताको प्रक्रिया थालनी गर्नुपर्नेछ । | मा नयाँ बुदा थप |
| | | | फिल्ड भेरीफिकेसन गर्ने सिलसिलमा सम्बन्धित गाउपालिका/ नगरपालिका अन्तरगतका कृषि शाखा प्रमुख र स्थानिय जनप्रतिनिधिहरु ( पालिका अध्यक्ष/उपाध्यक्ष/वडा अध्यक्ष/सदस्य ) को उपस्थितिमा फिल्ड भेरीफिकेसन फाराम भर्नुपर्नेछ । | परिच्क्षेद २ को दफा ७ मा नयाँ बुदा थप |
| | | परिच्क्षेद २ को दफा ७ को बुदाँ २ | ग्रामीण कृषि सडक निर्माण तथा मर्मत संभार कार्य संचालन गर्दा स्वीकृत लागत अनुमान बमोजिम स्थानिय श्रमिक, श्रोत र साधन अनिवार्य प्रयोग गर्नुपर्नेछ । कार्य संचालनको क्रममा कडा चट्टान कटान गर्नुपर्ने अवस्थामा सार्बजनिक खरिद नियमावली २०६४ का नियम ९७ को उपनियम (९) र (९क) बमोजिम प्राबिधिकबाट लागत अनुमान तयार गर्दा बखत हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल कार्य भनिएमा मात्र मेशिनरी औजार (डोजर, इस्काभेटर आदि) कृषि बिकास कार्यलयको प्रमुखबाट स्वीकृति लिइ प्रयोग गर्न सकिनेछ । | परिच्क्षेद २ को दफा ७ को बुदाँ २ को संशोधन गरिएको। |
| | | परिच्छेद ३ को दफा ८ | ग्रामीण कृषि सडक योजनाको निर्माण तथा अनुगमन कार्यको लागि सम्बन्धित जिल्लाको जिल्ला सम्न्वय समिति, जिल्ला प्रशासन कार्यालय, सम्बन्धित गाउपालिका / नगरपालिकाका जनप्रतिनिधहरु र भौतिक पूर्बाधार कार्यालयका प्रमुख/प्रतिनिधि सम्मेलित अनुगमन तथा मूल्याङकन समिति गठन गरि योजनाको निर्माण/मर्मत कार्यको आवश्यकता अनुसार अनुगमन गरेर मात्र कार्य सम्पन्न गर्नुपर्नेछ। | परिच्छेद ३ को दफा ८ मा नयाँ बुदा थप गरिएको । |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

| सि.न | कार्यबिधि | साबिकको बुदा नम्बर | नयाँ संशोधित बुदा र व्यहोरा | कैफियत/कारण |
|---|---|---|---|---|
| ४ | किसान सरकार हातेमालो कार्यक्रम संचालन कार्यबिधि २०७५ | परिच्छेद २ दफा ५ र ६ | किसान सरकार हातेमालो कार्यक्रम गरिब, बिपन्न धरधुरी लक्षित भएको हुदाँ आय आर्जन जन्य कार्यक्रम संचालनमा शत प्रतिशत अनुदान उपलब्ध गराइनेछ । तथापी कृषि जन्य निर्माण क्रियाकलपाहरुमा कम्तिमा १५ प्रतिशत श्रमदानको शुनिश्चितता भएको हुनुपर्नेछ ।<br><br>प्रथम पटक रकम भुक्तानी गर्दा अति बिपन्न किसान सरकार हातेमालो कार्यक्रम कार्यन्वयन समिति बाट क्रियाकलाप संचालन योजना स्वीकृत भइसकेपछि कुल कार्यक्रम लागतको ४० प्रतिशत क्रियाकलाप संचालनको लागि पेश्कि उपलब्ध गराइनेछ ।<br><br>दोस्रो पटक रकम भुक्तानी गर्दा अति बिपन्न किसान सरकार हातेमालो कार्यक्रम कार्यन्वयन समितिबाट कार्य संचालनको अनुगमन गरि सन्तोषजनक पाइएमा ४० प्रतिशत रकम दिइनेछ । र बाँकी रकम सम्पूर्ण कार्य संचालन गरि कार्यन्वयन समितिबाट सिफारीस पश्चात भुक्तानी गरिनेछ ।<br><br>किसान सरकार हातेमालो कार्यक्रम दलित, अति बिपन्न गरिब, धरधुरी लक्षित भएको हुदाँ र साक्षरता अवस्था पनि कम भएको हुदाँ बिपन्न स्तर किसान सरकार हातेमालो कार्यक्रम कार्यन्वयन समितिले समुदाय सगँ बसी छलफल गरेर कार्यक्रम तयार गरेको हुनुपर्नेछ । | परिच्छेद २ दफा ५ मा भुक्तानी<br>र दफा ६ मा भएको अनुदान रकम लाई संशोधन गरि थप गरिएको । |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव